# कमल गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## स्वास्थ्य शाखा

तोपगाछी, झापा

१ नं. प्रदेश, नेपाल

प. स.

च. न.

मिति:- २०७८/०१/२२

### प्रेश विज्ञप्ति

कोभिड- १९ को दोश्रो लहर चलेसंगै यस कमल गाउँपालिकामा पनि संक्रमित ब्यक्तीको संख्या बढिरहेको र आज २ महिला ६ पुरुष गरी जम्मा ८ जनामा संक्रमण देखिएको ले संपुर्ण कमल गाउँपालिका वासी जनसमुदाय हरु सुरक्षित रहनाका लागि जनस्वास्थ्यका मापदण्ड हरु पुर्ण रुपमा पालना गर्न हुन हार्दिक अनुरोध गरिन्छ । सामजिक दुरि (कम्तिमा २ मिटर) कायम राख्ने , मास्कको प्रयोग अनिवार्य गर्ने, स्यनिटाइजर को प्रयोग तथा बेला बेलामा साबुन पानिले मिचिमचि हात धुने साथै अति आवस्यक काम बाहेक घर बाहिर ननिस्कने, पोजेटिभ भइ होम आइसोलेशनमा रहनु हुने व्यक्तीले १४ दिन सम्म अनिवार्य रुपमा आइसोलेसनमा रहनु भइ समय समयमा ज्वरो जाचँ गर्ने, पौस्टिक आहार को सेवन गर्ने र स्वासप्रस्वासको समस्या भएमा वा अन्य कुनै जटिलता देखिएमा तुरुन्त स्वास्थ्य शाखा वा नजिकैको स्वास्थ्य संस्थामा सम्पर्क राख्न हुन जानकारि गराइन्छ । साथै जिल्ला प्रशासन कार्यालय झापाले मिति २०७८ बैसाख २२ गते देखि लागु हुने गरि झापा जिल्ला भर पुर्ण रुपमा निशेधाज्ञा जारि गरेको हुदा पालना गर्नहुन जानकारि गराइन्छ ।

मिति २०७८ बैशाख १ देखी हाल सम्म कोभिड-१९ को अवस्था यस प्रकार रहेको छः

| वार्ड नं. | पि सि आ र पोजेटिभ संख्या | | एनटिजिन रिएक्टिभ संख्या | | जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|
| | महिला | पुरुष | महिला | पुरुष | | |
| १ | ० | २ | ० | ० | २ | |
| २ | १ | १ | ० | १ | ३ | |
| ३ | २ | ० | ० | ० | २ | |
| ४ | ५ | २ | ० | ० | ७ | |
| ५ | ४ | ७ | १ | २ | १४ | १ महिला को मृत्यु |
| ६ | १ | ५ | २ | १ | ९ | |
| ७ | ० | २ | ० | ० | २ | |
| वार्ड नखुलेको | ५ | ४ | ० | ० | ९ | |
| जम्मा | १८ | २३ | ३ | ४ | ४८ | |

**आज वैशाख २२ गते पोजेटिभ भै आइसोलेसन मा रहेका ब्यक्तिहरुको बिबरण:**

| क्र.सं. | बिबरण | महिला | पुरुष | जम्मा | कैफियत |
|---|---|---|---|---|---|
| १ | कोभिड अस्पताल कमल -५ | ० | ० | ० | |
| २ | होम आइसोलेसन | १९ | २६ | ४५ | |
| ४ | बि & सी हस्पिटल | १ | १ | २ | |
| | जम्मा | २० | २७ | ४७ | |

**नोट: मिति २०७८ वैशाख १ गते देखी हाल सम्म संक्रमित जम्मा ४८ जना मध्ये ४७ जना उपचाररत , र १ जना महिला को मृत्यु भएको छ ।**

२०७८/०१/२२

**"सक्षम निजामति प्रशासन: विकास, समृद्धि र सुशासन"**

**Email:info@kamalmun.gov.np Website: kamalmun.gov.np फोन नं. ०२३-४७५०९९,०२३-४७५०८१**